# कक्षा ११
# नेपाली नमुना प्रश्नपत्रको उत्तरहरू

**दिनेश श्रेष्ठ**

---

### १. दिइएको अनुच्छेदका रेखाङकित वर्णहरूको उच्चारण स्थान र प्राणत्व छुट्याई लेख्नुहोस्। (३)

*योगमाया लैङ्गिक विभेदको पनि कट्टर विरोधी थिइन । उनी बालविवाहको विपक्षमा उभिन्थिन् तर स्वैच्छिक विधवा विवाहको समर्थन गर्थिन् ।*

**उत्तर:**

| वर्ण | उच्चारण स्थान | प्राणत्व |
|---|---|---|
| **ग** | कण्ठ्य | अल्पप्राण |
| **ध** | दन्त्य | महाप्राण |
| **ह** | कण्ठमूलीय | महाप्राण |

### २. शुद्ध गरी पुनर्लेखन गर्नुहोस्: (३)

*हेर्नुस् बद्रीजी हामीले खेतमा राशायनिक मल र विषादिको प्रयोग गर्यौं । वालीको ऊत्पादन बढाउने काममा साथीहरूले तपाईं सँग सल्लाह मागेका छन् ।*

**उत्तर:** "हेर्नुस्, बद्रीजी हामीले खेतमा रासायनिक मल र विषादीको प्रयोग गर्‍यौँ। बालीको उत्पादन बढाउने काममा साथिहरूले तपाईसँग सल्लाह मागेका छन्।"

### ३. अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको पदवर्ग पहिचान गरी लेख्नुहोस् । (२)

*आज उनले मलाई **धेरै** कुराहरू सोधे । उनले सोधेका कुराहरूमध्ये खासै **धेरै** बुझिनँ । मैले **के**मा कुरा भयो भन्ने पनि राम्ररी बुझिनँ । उनले मलाई फोनबाट बाँकी कुरा **सुनाए** ।*

**उत्तर:**

**धेरै** = विशेषण
**धेरै** = क्रियायोगी
**के** = सर्वनाम
**सुनाए** = क्रियापद

**४. दिइएका प्रश्नको उत्तर दिनुहोस् । (२ + २ = ४)**

**(क) दिइएको अनुच्छेदबाट दुई दुईओटा तत्सम र आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् ।**

*क्रमशः अग्लो हुँदै गएको कष्टप्रद, कठोर, दुर्गम पहाडको क्षीण पथलाई नजरले भेटेसम्म हेर्दा मान्छे पो हो कि भन्ने भ्रम पार्ने एउटा धब्बा जस्तो पनि केही देखिएन ।*

**उत्तरः**

**तत्सम शब्दः** क्षीण, पथ
**आगन्तुक शब्दः** नजर, धब्बा

**(ख) दिइएका शब्दहरूलाई शब्दकोशीय क्रममा मिलाई लेख्नुहोस् ।**

*व्यवहार, अंश, त्रास, ज्ञान*

**उत्तरः** अंश, ज्ञान, त्रास, व्यवहार

**५. दिइएको अनुच्छेदबाट तीनओटा पारिभाषिक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् । (३)**

*हिजोभन्दा आज हरेक सङ्क्रामक रोगको उपचार खोपद्वारा सम्भव हुँदै गएको छ । देशमा कुपोषणबाट मृत्यु हुने बालबालिकाहरूको तथ्याङ्क सार्वजनिक गरिएको अभिलेखबाट थाहा पाउन सकिन्छ ।*

**उत्तरः**

**सङ्क्रामकः** कोरोना एउटा सङ्क्रामक रोग हो।
**कुपोषणः** पौष्टिक आहारको कमीले कुपोषण हुन्छ।
**अभिलेखः** नेपाली भाषामा लेखिएका पुराना अभिलेख अहिले पनि सुरक्षित छन्।

**६. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् । (२ × २ = ४)**

**(क) अनुच्छेदबाट दुईओटा उपसर्ग र दुईओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी तिनको निर्माण प्रक्रिया देखाउनुहोस्:**

*प्रमुख राजनीतिक दलहरूले गैरजिम्मेवार बनेर मुलुकलाई अनिणर्यको बन्दी बनाउनु हुँदैन । दलीय कर्तव्य र राष्ट्रिय जिम्मेवारीलाई बुझेर सकेसम्म चाँडै नै निकास दिने काममा केन्द्रित हुनु आवश्यक छ ।*

**उत्तर:**

**उपसर्ग व्युत्पन्न शब्द:** गैरजिम्मेवार (गैर + जिम्मेवार), अनिर्णय (अ + निर्णय)
**प्रत्यय व्युत्पन्न शब्द:** राजनीतिक (राजनीति + इक), राष्ट्रिय (राष्ट्र + इय)

**(ख) अनुच्छेदबाट दुईओटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस् र दुईओटा द्वित्व शब्द पहिचान गरी ेदोहोरिएको अंश छुट्याउनुहोस्:**

*देशहितमा लागेका पीताम्बर र नीलकण्ठ आआफ्नो कर्तव्य पूरा गर्दै गाउँबस्तीको उन्नतिमा मनवचनकर्मले लागेका छन् । एकअर्कामा सरसहयोग र मरमदत मर्ने अनि सुखदुःखमा साथ दिन उनीहरूको आनीबानीको छरछिमेकमा मुक्तकण्ठले प्रशंसा हुने गरेको छ ।*

**उत्तर:**

**समस्त शब्द:**
देशहित = देशको हित
पीताम्बर = पीत छ अम्बर जसको

**द्वित्व शब्द:**
सरसहयोग = सहयोग + सहयोग
आनीबानी = बानी + बानी

**(ग) अनुच्छेदबाट चारओटा सन्धियुक्त शब्द पहिचान गरी सन्धि विच्छेद गर्नुहोस्:**

*हाम्रा देशको हिमाली सौन्दर्य, प्राकृतिक भूबनोट पुरातात्विक महत्वका वस्तुहरूको अवलोकन गर्न विदेशी पर्यटकहरू नेपालमा आउँछन् । उनीहरू नेपालीहरूको आतिथ्य सत्कारबाट हर्षित हुँदै हँसिलो अनुहार लगाई स्वदेशतर्फ फर्कन्छन्।*

**उत्तरः**

प्रकृति + इक = प्राकृतिक
परि + अटन = पर्यटन

**७. दिइएका प्रश्नको उत्तर दिनुहोस् । (४)**

**(क) दिइएको अनुच्छेदलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गरी पुनर्लेखन**
**गर्नुहोस्:**
*उनले गद्य शैलीमा कविता लेखे । त्यस कवितालाई मेरी माइजूले मन पराउनुभयो । काकी र फुपूले कविता वाचन गरेर सुनाउने इच्छा गर्नुभयो । मैले पनि उहाँहरूसँगै कविता वाचन गरेर सुनाएकी थिएँ ।*

**उत्तरः** उनले गद्य शैलीमा कविता लेखिन् । त्यस कवितालाई मेरा मामाले मन पराउनुभयो । काका र फुपाजुले कविता वाचन गरेर सुनाउने इच्छा गर्नुभयो । मैले पनि उहाँहरूसँगै कविता वाचन गरेर सुनाएको थिएँ।

**(ख) दिइएको अनुच्छेदलाई एकवचन भए बहुवचन र बहुवचन भए एकवचनमा परिवर्तन गरी**
**पुनर्लेखन गर्नुहोस्:**
*मैले गाउँमा पुरानो साथीलाई भेटेँ । हामीले चराहरू र जलचरहरूका बारेमा धेरै बेर कुरा गर्‍यौँ । साथीले आफ्नो प्रगतिको कथा सुनायो । उसका कुरा सुनेर मेरा साथीहरू दङ्ग परे ।*

**उत्तरः** हामीले गाउँमा पुराना साथीहरूलाई भेट्यौँ । मैले चरा र जलचरका बारेमा धरै बेर कुरा गरेँ । साथीहरूले आफ्ना प्रगतिको कथा सुनाए । उनिहरूका कुरा सुनेर मेरो साथी दङ्ग पर्यो।

**८. कुनै एक प्रश्नको उत्तर दिनुहोस् । (४)**

**(क) तलका गद्यांशबाट दुईओटा उद्देश्य र विधेय तथा दुईओटा उद्देश्य विस्तार र विधेय विस्तार पद पहिचान गरी लेख्नुहोस्:**
*प्रतिभाशाली रमा नियमित विद्यालय जान्छे । पढाइका साथै खेलकुदमा पनि रुचि राख्छे । हिजो गुरुले पुरस्कार पनि दिनुभयो । साथीहरूले पनि उसको तारिफ गरे ।*

**उत्तरः**

**उद्देश्यः** रमा, गुरु
**विधेयः** जान्छे, दिनुभयो
**उद्देश्य विस्तारः** प्रतिभाशाली, हिजो
**विधेय विस्तारः** विद्यालय, पुरस्कार

**९. दुवै प्रश्नको उत्तर दिनुहोस् ।**

**(क) दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको छोटो उत्तर लेख्नहोस:**
*जलका विभिन्न स्वरूप हुन्छन् । पग्लिने, अग्लिने र उड्ने सक्ने क्षमता पानीमा हुन्छ । हिउँ पग्लिएर नदी बन्दा नदीको पानी बाफ बन्छ र हिमालका थाप्लामा हिउँ जम्छ । ठोस, तरल, ग्याँस मात्र होइन पानीमा आगो ओकल्ने ऊर्जा हुन्छ । विद्युत् पानीबाटै निकालिन्छ । यस्तो महत्वपूर्ण चमत्कारी पानी सदुपयोग गरे बन्दछ सुखी जिन्दगानी, दुरुपयोग भए दुःखमै बित्छ जिन्दगानी । ठोस, तरल, ग्याँस, राप, ताप, तेजसँगैको ऊर्जाले विश्वमा अविकासका सारा स्वरूपलाई चुनौती दिइरहेको छ । आज हामी आफैँसँगको बिना नचिनेर भौंतारिइरहेको कस्तुरी झैँ भएका छौँ । जलस्रोतमा धनी राष्ट्र भए पनि दिगो पूर्वाधार विकासका योजनाका अभावले गर्दा हामी स्रोत र साधन भए पनि अँध्यारामा बस्न बाध्य छौँ । उर्वराभूमि भएर पनि सिँचाइका आधुनिक प्रविधि अपनाउन नसक्दा जग्गा बाँझै छन्, जनता भोकभोकै छन् । युवाशक्ति बिदेसिन बाध्य छन् । विकास निर्माणले विश्वलाई चकित पार्ने छिमेकीलाई टुलुटुलु हेरेर गाँस, बासकै समस्यामा पिरोलिन बाध्य छ हाम्रो समाज । यो अवस्थालाई बदलेर विश्व प्रतिस्पर्धामा होमिन सक्न बनाउने क्षमता जलस्रोतमा मात्र छ । हामी अमृत समान हिमालको कञ्चन पानी बोतलमा बेचेर विश्वका मानिसको तिर्खा मेटाउन सक्छौँ । कर्नालीमा जलविहार, कोसी र तामाकोसीमा सिँचाइका उचित व्यवस्थापन गरेर धर्ती उवर्रा बनाउन सक्छौँ ।*

**(क) पानीलाई महत्वपूर्ण चमत्कारी किन भनिएको हो ?**
**उत्तरः** पानीमा पग्लिने, अग्लिने र उड्ने अर्थात् ठोस, तरल, ग्यांस बन्न सक्ने क्षमताका साथै आगो ओकल्ने उर्जा हुन्छ । त्यसैले पानीलाई महत्त्वपूर्ण चमत्कारी भनिएको हो।

**(ख) जलस्रोत र उर्जाका क्षेत्रमा दिगो विकास कसरी गर्न सकिन्छ ?**
**उत्तरः** जलस्रोत र उर्जा नेपालको प्रशस्त सम्भावना बोकेको क्षेत्र हो । त्यसैले यी

सम्भावनाहरु चिनेर उचित योजना निर्माण गरी कार्यान्वयनको मार्गमा अघि बढे यस क्षेत्रमा दिगो विकास गर्न सकिन्छ ।

**(ग) धर्तीलाई उर्वरा बनाउने आधारहरू के के हुन् ?**

**उत्तरः** धर्तीलाई उर्वरा बनाउने आधारहरु जलस्रोत, सिँचाइका आधुनिक प्रविधि, युवाशक्ति र उचित योजनाहरु र यसको कार्यान्वयन हुन्।

**घ) राष्ट्र निर्माणमा सिँचाइको कस्तो भूमिका हुन्छ होला ?**

**उत्तरः** सिँचाइका उचित व्यवस्थापन गरेर हामीले धर्तीलाई उर्वरा बनाउन सक्छौँ, उत्पादन बढाएर आत्मनिर्भर बन्न सक्छौँ, बढी भएको बेचेर विदेशी मुद्रा आर्जन गर्न सक्छौँ । त्यसैले राष्ट्र निर्माणमा सिँचाइको महत्त्वपूर्ण भूमिका हुन्छ होला ।

**(ख) दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

*मुलुकमा रहेको बेरोजगार एवम् अनुत्पादक श्रम शक्तिलाई उनीहरूको योग्यता, सिप तथा दक्षता अनुरूप अन्य विभिन्न मुलुकमा रोजगारीका लागि पठाई उनीहरूमार्फत वैदेशिक विप्रेषण आय, सिप, प्रविधि र अनुभव स्वदेशमा भित्र्याइन्छ । नेपालको अर्थव्यवस्थामा वैदेशिक रोजगारीको योगदान उल्लेखनीय रहेको छ । विगतको द्वन्द्वको समयमा अर्थतन्त्रका आन्तरिक पक्षहरू कृषि, उद्योग, व्यापार लगायतका क्षेत्रहरूमा नकारात्मक असर परेको अवस्थामा समेत वैदेशिक रोजगारीले निरन्तर टेवा पुर्‍याए तापनि दक्ष कामदार १.५ प्रतिशत, २४ प्रतिशत अर्धदक्ष र ७४.५ प्रतिशत अदक्ष जनशक्ति विदेशिने हुँदा नेपालले यसबाट पूर्ण लाभ लिन सकिरहेको छैन । नेपाली कामदारको मुख्य गन्तव्यका रूपमा कतार, मलेसिया, बहराइन, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स र कुबेत रहेका छन् । वैदेशिक रोजगार विकासको दीर्घकालीन स्रोत होइन । मुलुकभित्रै कृषि क्षेत्रको आधुनिकीकरण एवम् व्यवसायीकरण, उद्योग क्षेत्रको विकास र बिस्तार तथा विविध स्वरोजगारीका अवसर सिर्जनामार्फत बाध्यात्मक वैदेशिक रोजगारीको अन्त्य गरी दक्ष एवम् सिपयुक्त जनशक्तिलाई मात्र वैदेशिक रोजगारीमा परिचालन गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गरेमा नेपालले आर्थिक विकासमा वैदेशिक रोजगारीबाट अधिकतम लाभ लिन सकिन्छ ।*

**क) विप्रेषण शब्दको अर्थ कुन हो ?**

(अ) रेमिटयान्स

**ख) नेपालको अर्थतन्त्रका आन्तरिक पक्षहरू के के हुन् ?**

(ई) कृषि र उद्योग

**ग) दीर्घकालीन स्रोत के हो ?**

(इ) कृषिको आधुनिकीकरण

**घ) नेपाली कामदारको मुख्य गन्तव्यका रूपमा कतार, मलेसिया, बहराइन, साउदी अरेविया, संयक्त अरब इमिरेट्स र कुबेत रहेका छन् ।' भन्ने वाक्यमा 'गन्तव्य' कस्तो शब्द के हो ?**

(आ) प्रत्यय व्युत्पन्न

**१०. अनुच्छेदबाट चारओटा बुदा टिपी एक तृतीयाशमा सारांश गर्नहोस्।**

*हाम्रो समाज मूर्त र अमूर्त संस्कृतिको मिश्रण हो । हाम्रा गाउँ तथा सहरमा प्राचीन सभ्यताका धरोहर ज्ञद्ध यत्रतत्र छन् । साकेला, चासोक, च्याब्रुङ र धान नाचमा रमाउने मन हुड्केली, सोरठी र मारुनीमा त्यत्तिकै रमाउँछ । देउडा र घाटुले भौगोलिक सीमा नाघेर बास्ना छरेका छन् । चान्दी, डाँडी, हनुमात्र पञ्चबुद्ध नृत्यहरू हाम्रा मुटुका ढुकढुकी बनेका छन् । शास्त्रीय र लोक नृत्य, गीत र वादनमा हाम्रा अनन्य सम्पदा छन् । स्याब्रो र तिजीले सखिया, सन्थाल र सरायसँग मितेरी लाउँछन् । भुओ, खैंजडी, बालुन, सँगिनी र लाखे पहाडी सौन्दर्य बनेका छन् । बाली लाउँदा, भित्र्याउँदा, दाइँ गर्दा गाइनेगीतहरू पुनर्जीवनको आस गर्दै छन् । गन्धर्व, चर्या, खाँडो र गाथाहरू कुनाकन्दरामा जीवितै छन् । यहाँ भाषाको भण्डार छ । संस्कार, रीतिरिवाज र परम्पराका पारखीहरू हाम्रा गाउँमा भुल्छन्, सहरमा रमाउँछन् । खानपान र पहिरनमा जातीय, क्षेत्रीय र सामुदायिक विविधता छन् । मन्दिर, विहार, मस्जिद, गिर्जाघर, गुरुद्वारा, थान र मार्गास्थानहरू हाम्रा आस्थाका केन्द्र हुन् । हामी भाषा, धर्म, संस्कृति र परम्परामा बहुल छौं तर आपसमा सहिष्णु छौं । यो नै विश्वमा हाम्रो अनुपम पहिचान हो ।*

**बुँदाहरू:**

- मूर्त र अमूर्त संस्कृतिको मिश्रण रहेको हाम्रा समाजमा प्राचीन सभ्यताका धरोहर यत्रतत्र रहेका,
- साकेला, चासोक, सोरठी, मारुनी, देउडा, चान्दी नृत्य, पञ्चबुद्ध नृत्यहरू हाम्रा अनन्य सम्पदा हुनु,

- हामो समाज भाषा, संस्कार, रीतिरिवाज र परम्पराका भण्डारका साथै अनेक विविधता पनि रहेको,
- भाषा, धर्म, सस्कृति र परम्परामा बहुल भए पनि आपसमा सहिष्णु हुनु नै हाम्रो पहिचान रहेको ।

**सारांशः**

**हामो संस्कृति**

मूर्त र अमूर्त संस्कृतिको मिश्रण रहेको हाम्रो समाजमा प्राचीन सभ्यताका धरोहर यत्रतत्र रहेका छन् । साकेला, चासोक, सोरठी, मारुनी, देउडा, चान्दी नृत्य, पञ्चबुद्ध नृत्यहरू हामा अनन्य सम्पदा हुन् । हाम्रो समाजमा भाषा, सस्कार, रीतिरिवाज र परम्पराका भण्डारका साथै अनेक विविधता पनि रहेको छ | हामी भाषा, धर्म, संस्कृति र परम्परामा बहुल भए पनि आपसमा सहिष्णु हुनु पहिचान पनि हो ।

अनुच्छेदको शब्द सङ्ख्या : १६५
एक तृतीयांश शब्द सङ्ख्या : ५५
सारांश शब्द सङ्ख्या : ५१

**११. कुनै एक प्रश्नको उत्तर दिनुहोस् ।**

**(क) स्थानीय स्वास्थ्य केन्द्रले सर्वसाधारण जनतालाई कोरोना भाइरस विरुद्धको खोप लगाउन जारी गर्ने सार्वजनिक सूचनाको नमुना तयार पार्नुहोस् ।**
**उत्तरः**

**पिपरा अस्पताल**
**बा.न.पा.२, कपिलवस्तु**

पत्र सं........

मितिः २०७७/१२/१५

**कोभिड १९ विरुद्धको खोप लगाउने सम्बन्धी अत्यन्त जरुरी सूचना !**

यस बाणगंगा नगरपालिकाभित्र बसोबास गर्नुहुने सम्पूर्ण सर्वसाधारण जनतालाई निम्न मिति, समय र स्थानमा कोरोना विरुद्धको खोप लगाउने कार्यक्रम रहेको हुनाले आफ्नो परिचय झल्किने कुनै प्रमाणपत्रसहित कार्यक्रममा उपस्थित भई खोप लगाउनुहुन जानकारी गराइन्छ ।

मितिः २०७७/१२/१९
समयः बिहान १०:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म
स्थानः पिपरा अस्पताल, बा.न.पा. ३

..........................
**प्रेमप्रसाद खनाल**
**(अस्पताल प्रमुख)**

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् । (४)**

**(क) आफ्नो विद्यालयको वार्षिकोत्सवको सन्दर्भमा आयोजित विविध कार्यक्रमलाई समेटी १५० शब्दसम्मको प्रतिवेदन लेख्नुहोस् ।**
**उत्तरः**

**वार्षिकोत्सवको प्रतिवेदन**

४६ औँ वार्षिकोत्सव तथा अभिभावक दिवस सम्पन्न सामुदायिक विद्यालयतर्फ नेपालकै एक प्रसिद्ध नमुना कालिका मानवज्ञान माध्यमिक विद्यालयको ४६ औँ वार्षिकोत्सव शिक्षा मन्त्रालयका प्रवक्ता सह सचिव दीपक शर्माको प्रमुख आतिथ्यतामा सोमबार सम्पन्न भएको छ । कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्ड बुटवलका प्रमुख टिकाराम अर्याल, शिक्षा विकास तथा समन्वय इकाइ रुपन्देही प्रमुख स्थानेस्वर अर्याल, बुटवल उमनपा वडा नम्बर १० का वडा अध्यक्ष पदम बहादुर थापा, पत्रकार अर्जुन ज्ञवाली, छवि नेपाल लगायतले सामुदायिक विद्यालयले समाजमा पुर्याएको योगदान र समुदायको अपेक्षाको बारेमा चर्चा गरेका थिए ।

वार्षिकोत्सव कार्यक्रममा विद्यालयका प्रधानाध्यापक विष्णुहरि ज्ञवालीले विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै विद्यालयलाई फेलरहित र प्रविधिमुखी विद्यालय बनाउने काममा विद्यालय अनवरत लागिरहने बताए । यसका लागि अभिभावक, समुदाय र सरकारको सहयोगको अपेक्षा गरेको बताए । वार्षिकोत्सव समारोहमा विद्यालयमा लामो

समय सेवा गरेका शिक्षकहरु युवराज कँडेल, लोकराज घिमिरे र कमला शर्मालाई दीर्घसेवा सम्मान गरिएको थियो भने बोर्ड परिक्षामा उत्कृष्ट नतिजा दिलाउन सहयोग गर्ने शिक्षकहरुलाई नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको थियो। कार्यक्रममा विद्यार्थीहरुले साङ्गीतिक प्रस्तुतिहरु दिएका थिए। उक्त कार्यक्रममा विद्यालयको वार्षिक मुखपत्रको लोकार्पण पनि गरिएको थियो। विद्यालयकायका अध्यक्ष होम बहादुर गलामीको अध्यक्षतामा भएको मूल समारोह कार्यक्रमको सञ्चालन शिक्षक विवेकराज पोखरेलले गरेका थिए। कार्यकममा सामुदायिक विद्यालयको बारेमा उत्कृष्ट रिपोर्टिङ गर्ने पत्रकार तेजेन्द्र केसीलाई शिक्षापत्रकारिता पुरस्कार प्रदान गरिएको थियो।

मितिः २०७७/१२/ २७

**<u>प्रतिवेदक</u>**
हरि पौडेल

**१३. महिलामाथि हुने हिंसालाई कसरी नियन्त्रण गर्न सकिएला? १२५ शब्दसम्ममा आफ्नो प्रतिक्रिया लेख्नुहोस्।**

**उत्तरः** महिलाहरुमाथि हुने कुनै पनि प्रकारको दुर्व्यवहार महिला हिंसा हो। महिला हिंसा आजको नेपाली समाजको जल्दोबल्दो विषय हो। नेपाली समाजमा अझै पनि महिला हिंसाको विकराल रुप देख सकिन्छ। आजको यो एक्काइसौं शताब्दीको यो युगमा पनि हाम्रो समाज महिला हिंसा जस्तो जटिल समस्याबाट मुक्त हुन सकेको छैन। महिला हिंसाका प्रमुख कारणहरुमा चेतनाको कमी, अशिक्षा, गरिबी, कमजोर कानुनी व्यवस्था आदि पर्दछन्। महिला हिंसाका घटना जति लुकाइन्छ त्यति बढ्छन्, अपराधीहरुको आत्मविश्वास अझ बढ्छ। त्यसैले महिला हिंसाविरुद्ध गाउँगाउँमा चेतना फैलाउनुपर्छ। महिला हुनु कमजोर हुनु होइन भन्ने कुरा महिलालाई नै बुझाउनुपर्छ। महिला सशक्तीकरणका माध्यमबाट महिलाहरुलाई आत्मनिर्भर बनाउनुपर्छ।

महिलाहरु आत्मनिर्भर बन्दै गए भने पनि यस्ता घटनामा कमी आउन सक्छन्। हामीहरु सबैले पुरातनवादी सोच हटाउनुपर्छ। लिङ्गका आधारमा महिलाहरुमाथि हुने सबै खाले विभेदहरु अन्त्य गरिनुपर्छ। शिक्षा, व्यापार, राजनीति कुनै पनि क्षेत्रमा महिलाहरुलाई रोकतोक लगाइन हुँदैन। भएका कानुनी व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्नुपर्छ अपर्याप्त भएमा महिला अधिकारका पक्षमा कडा कानुनहरु बनाइनुपछे अपराधीलाई कडा

कारबाहीको व्यवस्था गरिनुपर्छ । पाठ्यक्रममा चेतना फैलाउन सक्ने विषय समावेश गर्नुपर्छ । सञ्चारका माध्यमबाट निरन्तर चेतनाको बिगुल फुक्नपर्छ | स्वतन्त्र भएर बाँच्न र आत्मनिर्भर बन्न महिलाहरुलाई प्रेरित गर्नुपर्छ ।

**१४. कुनै दुई प्रश्नको उत्तर लेख्नुहोस् ।**

**(क) दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

*कुन पहाडले कुन खोलाले तिम्रो गति छेकेथ्यो र*
*वीर पुर्खा ! कुन आँधीले तिम्रो यात्रा रोकेथ्यो र*
*गरुडको झैँ वेग तिम्रो कुन आकाशले बाँध्न सक्यो*
*पौरखले रच्यौ नेपाल ! पहाड तराई जुड्न सक्यो ।*

**(अ) नेपालीहरूको कस्तो पौरखले नेपालको रचना भएको हो ?**

**उत्तरः** नेपालीहरुको पौरख अनौठो छ । नेपालीहरु विश्ववीर, शूरवीर, निडर र साहसी हुन्छन् । त्यस्तै देशभक्त वीर वीराङ्गनाहरुको त्याग, तपस्या र बलिदानबाट नै नेपालको रचना भएको हो । राष्ट्र र राष्ट्रियताका लागि कुनै शक्तिका सामु झुकेनन् । देशको सीमा रक्षा र सीमा विस्तारका लागि अदम्य साहस बोकेर अगाडि बढे । विजय यात्रामा अगाडि बढेका नेपालीहरुलाई कुनै पहाड, खोला र आँधीले रोक्न सकेन । विदेशी हस्तक्षेपविरुद्ध गरुडको वेगमा जाइ लागे । नेपालको भूमि रक्षाको लागि प्राण दिन पनि हर्दम तयार रहे । यसरी उनै नेपाली पुर्खाहरुको रगत, पसिना, त्याग र तपस्याबाट नै नेपालको रचना भएको हो ।

**आ) हाम्रा वीरपुर्खाको गौरव गाथालाई कविताका आधारमा वर्णन गर्नुहोस् ।**

**उत्तरः** हाम्रो देश पुर्खाहरुको रगत, पसिना, त्याग र तपस्याले सिर्जना भएको हो । यो सिङ्गो नेपाल हाम्रो पुर्खाको नासो हो । हाम्रा पुर्खाहरुले ज्यानको बाजी लगाएर देशको राष्ट्रिय स्वाभिमानलाई उच्च बनाएका छन् । उनीहरु मर्न तयार भए तर हार्न कहिल्यै जानेनन् । हाम्रा पुर्खाको बहादुरी साँच्चिकै अद्भुत छ । जस्तोसुकै प्रतिकूल अवस्थामा पनि विचलित नभई वैरी सामु लडिरहे । हाम्रा पुर्खालाई कुनै पहाड आँधीले रोक्न सकेन । हाम्रा पुर्खाहरु विश्ववीर कहलिए । यसरी यस कवितामा पुर्खाहरुको अदम्य साहस, बहादुरी, निडरता आदिको महिमागान गरिएको छ ।

### (ख) दिइएको नाट्यांश पढी सोधिएका प्रश्नको छोटो उत्तर दिनुहोस् :

*ठिक भन्नुभो बाबा । सन्तानको सुख र शिक्षाका लागि भन्दै म रातदिन खटिएँ तर मैले मेरो छोरालाई समय दिइनँ । उससँग बसेर उसको पढाइका बारेमा कुरा गरिनँ । उसका साथी को को छन् भनेर कहिल्यै सोधखोज गरिनँ । ऊ कहाँ गयो, के गर्‍यो, के खायो भनेर ख्याल गरिनँ । म त खालि मेरो व्यवसाय, बैठक आदि भन्दै दौडधुप गरिरहेँ । उसले मागे जति पैसा दिइरहेँ तर ऊ त धेरै पहिलेदेखि दुव्र्यसनको सिकार भइसकेको रहेछ र आज मैले यो दिन भोग्नुपर्‍यो ।*

### (अ) यस नाट्यांशमा वक्ताले आफ्ना के कस्ता कमजोरी रहेको स्विकारेका छन् ?

**उत्तरः** यस नाट्यांशमा वक्ताहरुले सन्तानको सुख र शिक्षाका लागि भन्दै रातदिन व्यवसाय, बैठक आदिमा खटिए पनि सन्तानलाई पर्याप्त समय नदिएको कुरा स्वीकार गरेका छन् | त्यसैगरी सन्तानको पढाइ, साथी सङ्गत साथै कहाँ गयो, के गर्यो, के खायो भनेर ख्याल नगरेको कमजोरी स्वीकार गरेका छन् |

### आ) यस नाट्यांशमा व्यक्त समस्या कसरी समाधान गर्न सकिएला ?

**उत्तरः** यस्ता समस्या समाधान गर्न अभिभावकले आफ्ना सन्तान कहाँ जान्छन, के खान्छन्, सङ्गत कस्तो छ जस्ता कुरामा राम्रो रेखदेख गर्नुपर्छ र सन्तानले पनि प्रभावकारी ढङ्गले आफ्नो जिम्मेवारी पुरा गर्नुपर्छ | दुर्व्यसन विरुद्ध सचेतना फैलाउनुपर्छ | पांठयपुस्तकमा यस्ता विषय समावेश गर्नुपर्छ | लागु पदार्थ बेचबिखनमा रोक लगाउनुपर्छ र राज्यका तर्फबाट बलियो कानुन बनाई कार्यान्वयन गर्नुपर्छ |

### ग) दिइएको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

*विहङ्गम दृष्टिले विचार गर्दा सम्पूर्ण पृथ्वी एउटा घर हो, गृह हो । यहाँ जल, स्थल, वायु, आकाश र तेज (प्रकाश) यी पाँच तत्व (पञ्चतत्व) का बिच जलचर, स्थलचर, नभचर र सबै चराचर आफ्नो जीवन बिताउँदछन् । पृथ्वीलाई छोडेर अन्य ग्रहमा जीवात्माको अस्तित्व भेटिएको छैन । त्यसैले हामी सबैले यहीँ बाँच्नुपर्छ, यहीँ मर्नुपर्छ । यो सिवाय अरू जाने ठाउँ छैन । पृथ्वीको पारिस्थितिक प्रणालीलाई बिथोलिदियौँ भने हाम्रै अस्तित्व सङ्कटमा पर्छ । हालका दिनमा जलवायु परिवर्तनका विषयमा विशेष गरेर वायुमण्डल प्रदूषणका कारण*

*पृथ्वी सतह अप्रत्यासित ढङ्गले तात्ने क्रमलाई लिएर विशेष चिन्ता र चासो हाम्रो सामु तेर्सिएको छ ।*

**(अ) पृथ्वी कसरी सबैको साझा घर हुनसक्दछ ?**

**उत्तरः** पृथ्वी सबैको साझा घर हो । यहाँ प्राणी ससम्मान बाच्न पाउनु पर्छ | पृथ्वीमा सबै मानिस मिलेर बसोबास गर्दछन् ।

**(आ) पृथ्वीको तात्ने क्रमलाई रोक्न के गर्न सकिन्छ ?**

**उत्तरः** पृथ्वीको तात्ने क्रमलाई रोक्न वृक्षारोपण र प्रदूषण न्यूनीकरण गर्नु पर्दछ । हामी सबै पृथ्वीलाई साझा घर ठानेर यसको संरक्षणमा जुट्नु पर्दछ । धुवा धुलोको न्यूनीकरण गर्नु पर्दछ ।

**१५. कुनै एक प्रश्नको उत्तर दिनुहोस् ।**

**(क) सत्यनिष्ठा र समतामूलक समाजको स्थापनामा योगमायाले दिएको योगदानको चर्चा गर्नुहोस् ।**

**उत्तरः** योगमाया एक सशक्त समाजसुधारक हुन् । वि.सं. १९२४ साल भोजपुर जिल्लाको नेपाले डाँडाको सिम्ले भन्ने सानो गाउँमा जन्मेकी उनको सात वर्षको कलिलो उमेरमा नै उनको विवाह भयो । विवाह गरेको दुई वर्षमा उनी विधवा भई बस्दा तत्कालीन सामाजिक प्रवृत्तिका कारण उनमा विद्रोही चेतना विकास भएको थियो । बाल्यकालदेखिका आफ्ना भोगाइ र आफू बाँचेको समाजका विसंङ्गतिका कारण उनी आर्थिक र सामाजिक सञ्जालको मोहबाट मुक्त हुँदै गइन् । उनी सन्यासी बनिन् । योग, ध्यान, तपस्या, साधना, सामाजिक कार्यतर्फ मोडिइन्। उनी धार्मिक, सामाजिक, प्रशासनिक, आर्थिक तथा राजनीतिक क्षेत्रमा विद्यमान सबै खाले विकृतिहरूका बारेमा खुलेर विरोध गर्थिन् । उनी छुवाछतलाई मानव सभ्यताको सबैभन्दा ठुलो कलङ्क ठान्थिन् । उनी तत्कालीन न्यायिक परिपाटीको विरोधी थिइन् । उनी समाजका ठुलाबडा साहुमहाजनले गरिबको ढाड सेक्ने गरी ब्याज लगाउने चलनको निन्दा गर्थिन् । योगमायाका दृष्टिमा कर्तव्य नै धर्म हो । उनी धर्मलाई मानव हित मान्थिन् र समन्वयमा जोड दिन्थिन् । यसका लागि उनले तत्कालीन शासकहरूसँग आग्रह पनि गरिन् र सत्य धर्मको भिक्षा माग्न मानिसहरू पनि पठाइन् । आफैले जुद्धसमसेरलाई भेटी उक्त आश्वासन पूरा गर्न आग्रह गरिन् र लामो पर्खाइपश्चात् पनि उक्त आश्वासन कार्यान्वयनमा आएन । यस घटनाले उनलाई झन् विद्रोही बनायो ।

योगमायाले वि.सं. १९९४ को कात्तिक २७ गते शनिबारका दिन सरकारले सत्य धर्मको भिक्षा नदिए आफ्ना तमाम भक्तसहित अग्निसमाधि लिने घोषणा गरिन् । अग्निसमाधि लिन २४० जना जति भक्तहरुले स्वेच्छाले नाम लेखाए तर उनको अग्निसमाधिको योजनालाई सरकारले सफल हुन दिएन । अग्निसमाधि घोषणा असफल भएपछि योगमायामा वैराग्यसहितको विद्रोह झन् बढ्न थाल्यो । उमेरले सत्तरी काटे पनि उनी झन् बढी साधना, ध्यान र तपस्यामा डुब्न थालिन् । निरङ्कुश राज्यसत्ता उनीप्रति झन्झन् दमनकारी र बर्बर हुदै गयो । सामन्ती व्यवस्थाका पक्षधरहरू, ठुलाठालु साहुमहाजनहरु योगमाया जस्ता विद्रोही र समाज परिवर्तनको अपेक्षा गर्ने जोसुकैलाई दुःख दिन्थे, दण्डित गर्थे । यसैबिच शासकको यस उपेक्षा विरुद्धका विद्रोहका रूपमा योगमायाले गोप्य रूपमा जलसमाधि लिने योजना बनाइन् र आफ्ना अठ्सठ्ठी जना परम भक्तहरूसहित वि.सं. १९९८ असार २२ गते हरिशयनी एकादशीका दिन सूर्योदय नहुँदै "अधर्मको अन्त्य होस्, धर्मराज्य स्थापना होस्, मुक्तिको द्वार खुलोस्" भन्दै अरुण नदीमा समर्पित भएर जलसमाधि लिइन् ।

योगमाया छुवाछुतरहित, शोषणरहित र भ्रष्टाचाररहित नेपाली समाजको खोजीमा लागिन् र शासकहरूका विरुद्ध बिद्रोह गरिन् । उनले योगसाधना, ध्यान, तपस्या, प्रवचन र सामाजिक व्यवहारका माध्यमबाट सती प्रथा, दासप प्रथा, छुवाछुत जस्ता कुरीतिबाट मुक्त न्यायपूर्ण समाज निर्माण गर्ने प्रयास गरिन् । सबैतिरबाट आफ्नो विचारलाई नस्विकारिएपछि सामुहिक जलसमाधिका माध्यमबाट विद्रोहको नेतृत्व लिने योगमाया सत्यनिष्ठा र समतामूलक समाजको सपनाका लागि अनौँठो क्रान्ति गर्ने योगमायाको देन मानव सभ्यताको स्मृतिमा अमीट रहेको छ । यसरी औपचारिक शिक्षा आर्जन गर्ने अवसर नपाए पनि योगसाधना, तपस्या, ध्यान, चिन्तन र प्रवचनका माध्यमबाट सामाजिक सचेतना विकास गर्ने योगमायाको जीवन आदर्श र सभ्य समाजको निर्माणका लागि अविस्मरणीय रहेको छ ।

### (ख) 'गाउँको माया' कथामा कस्तो समाजको चित्रण गरिएको छ, समीक्षात्मक उत्तर लेख्नुहोस् ।

**उत्तरः** गाउँको माया कथा सामाजिक धरातलमा प्रगतिवादको स्वर उराल्ने सामाजिक यथार्थवादी कथाकार इस्मालीद्वारा लेखिएको हो । उनले यस कथामा नेपालको मध्य पश्चिम तराईको ग्रामीण समाजको वर्गीय विभेद एवं सामाजिक असमानतालाई चित्रण गर्दै जन्मभूमिप्रतिको अगाध आस्था एवं श्रद्धालाई म पात्रको माध्यमबाट आत्मपरक एवं प्रथम

पुरुष शैलीमा लघु आख्यानलाई रैखिक ढाँचामा संवादात्मक शैलीलाई समेत अपनाई कथाकारिताको कलात्मक जादुले जननी जन्मभूमिश्च स्वर्गादपि गरियसीको उक्तिलाई चरितार्थ गरेका छन् । यस कथामा ग्रामीण सिधासादा नागरिकहरुलाई हुनेखाने जमिनदार साहूमहाजन ठालुहरुले गरिवीको फाइदा उठाई फुटाउ र शासन गर भन्ने अंग्रेज नीतिलाई अपनाएको, वर्गीय विभेद एवं हुनेखाने वर्गले हुँदा खाने वर्गमाथि गरेको शोषण दमन, अन्याय, अत्याचार गरेको जस्ता सामाजिक विकृति र विसङ्गतिले युक्त समाजको चित्रण गरिएको छ । पढेलेखेका युवा विदेशिदा ठालुहरुको गाउँमा एकाधिकार भएको अनि विपन्न सर्वहारा वर्गका नागरिकहरु हली, गोठालो, दास र कमारो भएर तुच्छ जीवन बाँच्नुपरेको विभेदकारी समाजको चित्रण गरिएको छ । यस कथामा वर्गीय विभेदले आक्रान्त एवं हुनेखाने र हुँदा खाने वर्ग विचको असमानता, सशक्त रुपमा उठान गरिएको छ। । विकासका पूर्वाधारको पहुँच नपुगेको ग्रामीण क्षेत्रमा शिक्षा र चेतनाको अभावकै कारण सामन्त वर्गले विपन्न वर्गका नागरिकलाई सदिऔँदेखि गर्दै आएको शोषण , दमन , अन्याय र अत्याचारका कारण हली, गोठालो, कीतदास एवं कृपापात्र बनी निरिह भई आफ्ना मौलिक हक अधिकार गुमाई राज्यकै अनागरिक जस्तो जीवन बाँच्नु परेको असमानतापूर्ण समाजको चित्रण गरिएको छ । साहु महाजनहरुले विपन्न वर्गकालाई हली गोठाला नै रहुन् र मालिककै कृपापात्र बनिरहून् भन्ने उद्देश्यले फुटाउ र शासन गरे भन्ने नीति अपनाएका पाइन्छ । भौतिक सुविधाहरूको पहुँच नभएको, विपन्न वर्गमा शिक्षा र चेतनाको कमी भएको, गरिबका छोराछोरीहरु शिक्षाको पहुँचबाट टाढा रहेको, गरिब निमुखाहरु मालिकको हली गोठालो बनी ज्याला र मजदुरीमा स्वाभीमान गुमाएर शोषित पीडित भई हक अधिकार गुमाएर दासत्वको जीवन बाँच्नपरेको वर्गीय विभेदपूर्ण समाजको चित्रण गरिएको छ । रोजगारको वातावरण नभएकाले युवाहरु रोजगारीको खोजीमा विदेश जाने गरेको, गरिबहरुको पुर्ख्यौलौी पेशा नै साहुको हली, गोठालो, मजदुर बस्नुपर्ने, श्रमको मूल्य नपाउने, निरिह जीवन बाँच्नुपरेको यथार्थ समाजको चित्रण गरिएको छ । गाउँको मुख्य पेशा नै कृषिकर्म रहेको, गाई भैंसी, बाख्रा पाल्ने, केटाकेटी गाई भैंसी चराउने, अलि ठुला भएपछि बनी काम गर्ने अनि हलो जोत्न सक्ने भएपछि साहुको को हली बस्ने गरिबको नियति बनेको सामाजिक अवस्थाको चित्रण गरिएको छ | यस कथामा परिछन तिनै शोषित सर्वहारा वर्गको प्रतिनिधि पात्र हो जसको नियति एवं पुख्यौंली पेशा नै साहुको हलो जोत्ने देखिन्छ ।

यस कथामा एकातिर धनीले गरिबलाई फटाएर शासान गरेको देखाइएको छ भने अर्कोतिर सर्वहारा वर्ग नै एकजुट हुन नसक्दा वर्गीय मुक्तिको आन्दोलन पनि विच्छिएको देखिन्छ। विपन्न वर्गमा शिक्षा र चेतनाको अभावकै कारण सामन्तहरुको गाउँमा एकछत्र राज चलेको असमान समाजको चित्रण गरिएको छ। यसरी हेर्दा गाउँको माया कथामा भौतिक पूर्वाधारको नभएको, चेतनाको अभावका कारण सामन्तवादले जरा गाडेको, गाउँको मुख्य पेशा कृषि र पशुपालन रहेको, हुने खाने र हुँदा खाने बिचको विभेद, शोषण, दमन, अन्याय, अत्याचार साहुमहाजनले गरिब वर्गलाई हली, गोठालो, दास बनाउने सामन्ती समाज, रोजगारको अभाव, सामन्तीहरुको प्रयोगवाद एवं उपभोगवाद, गरिबलाई फटाउ र शासन गर सामन्ती सोच भएका ठालुहरुको दवदवा रहेको न्याय र समता हराएको विभेदकारी समाजको चित्रण गरिएको छ।

**१६. दिइएका मध्ये कुनै एक शीर्षकमा २५० शब्दसम्ममा नघटाई निबन्ध लेख्नुहोस्। (८)**

**(क) नेपालमा जलस्रोतको सम्भावना**

**उत्तरः**

## नेपालमा जलस्रोतको सम्भावना

नेपालमा जलस्रोतको सम्भावना प्राणी र वनस्पतिका लागि नभई नहुने स्रोत हो, जलस्रोत। नेपाललाई जल सम्पदामा संसारमै दोस्रो धनी देशको रूपमा मानिन्छ। नेपालमा रहेका ६ हजारभन्दा बढी नदीनाला, ताल, छहरा, तलाउ, पानीका मुहान र वर्षायामको वर्षा जलका प्रमुख स्रोत हुन्। नेपालका नदीहरु हिमालमा मुहान बनाएर सदाबहार दक्षिणतिर तीव्र गतिका साथ बगेका छन्। यहाँ भुमिगत र सतही दुवै प्रकारका अपार जलस्रोत रहेका छन्। जलस्रोतको प्रयोगले कृषि उद्योग यातायात, सञ्चार, पर्यटनजस्ता आर्थिक विकासका पूर्वधारहरुको विकास र विस्तार गर्न सकिन्छ। नेपालमा अथाह सम्भावना छ। जल सम्पदा नेपालको प्राकृतिक सम्पदामध्येको प्रथम सम्भावना भएको क्षेत्रको हो। जस अन्तर्गत जल विद्युत् विशेष पक्ष हो, नेपालको सम्भाव्यता अनुसार विद्युत उत्पादन गर्न सकिएको खण्डमा वन विनाश रोक्न सकिने, पेट्रोलियम पदार्थको आयात कम गर्न, विदेशी मुद्रा आर्जन गर्न, दैशमा औद्योगीकरण गर्न, पर्यटनको प्रवर्धन, यातायात तथा सञ्चारका साधनहरुको विकास, विस्तार तथा सञ्चालन गर्न सकिने प्रशस्त सम्भावना रहेको छ। नेपालमा रहेको जलसम्पदाको क्षमतालाई विश्लेषण गर्दा सैद्धान्तिक रुपमा ८३ हजार मेगावाट विद्युत्

उत्पादन हुने बताइएको छ भने आर्थिक तथा व्यवहारिक दृष्टिकोणका हिसाबले ४२ हजार मेगावाट विद्युत् उत्पादन गर्न सकिन्छ। जलसम्पदाबाट प्रशस्त मात्रामा जल विद्युत् उत्पादन गरी देशभित्रै विद्युत्को पर्याप्त मात्रामा प्रयोग गर्नुका साथै बढी भएको विद्युत् निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न सकिन्छ। जल सम्पदाबाट सिँचाइ गरी कति क्षेत्रको उत्पादकत्व बढाउन एवं मत्स्यपालन व्यवसायको प्रवर्द्धन गर्न, हिमाली भेगमा बग्ने झरनाको पानी प्रशोधन गरी पिउने पानीको उत्पादन गरेर निर्यात गर्न सकिन्छ। ताल, छहरा र पोखरीको प्रवर्द्धन गरी प्राकृतिक सुन्दरता बढाउन र बन्जीजम्पिङ, ऱ्याफ्टिङ जलविहार जस्ता मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन गरी आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गरी आय आर्जन गर्न सकिन्छ। पिउने पानी, सरसफाई र पूर्वाधार निर्माणको स्रोतको रूपमा उपयोग गर्न, जल यातायात सञ्चालन गर्न, पानीजहाज चलाउन, जलचरको संरक्षण र जैविक विविधताको रक्षा गर्न, राष्ट्रिय अन्तर्राष्ट्रिय सिमानाको रूपमा पनि उपयोग गर्न सकिन्छ।

आज हामी आफैँसँगको बिना नचिनेर भौतारिइरहेको कस्तुरी झैँ भएका छौँ। जलस्रोतमा धनी राष्ट्र भए पनि दिगो पूर्वाधार विकासका योजनाका अभावले गर्दा हामी स्रोत र साधन भए पनि अँध्यारामा बस्न बाध्य छौँ। नेपालमा अधिकांश जनताहरुले कृषिलाई आफ्नो मुख्य पेसाको रुपमा अँगालिरहेका छन्। उर्वराभूमि भएर पनि सिँचाइका आधुनिक प्रविधि अपनाउन नसक्दा जग्गा बाँझै छन्, जनता भोकभोकै छन्। यो अवस्थालाई बदलेर विश्व प्रतिस्पर्धामा होमिन सक्ने बनाउने क्षमता जलस्रोतमा मात्र छ। हामी अमृत समान हिमालको कञ्चन पानी बोतलमा बेचेर विश्वका मानिसको तिर्खा मेटाउन सक्छौँ। कर्णालीमा जलविहार, कोसी र तामाकोसीमा सिँचाइका उचित व्यवस्थापन गरेर धर्ती उर्बरा बनाउन सक्छौँ। नेपालको जलस्रोत भनेको अनमोल मोती हो। यसको प्रभावकारी उपयोगबाट नेपालले विश्वका विकसित मुलुकसँग पनि प्रतिस्पर्धा गर्न सक्छ। त्यसैले नेपालमा भएको अपार जल सम्पदाको भरपूर उपयोग गरी नेपाललाई समृदध पार्न र नेपालीलाई सुखी बनाउन सकिन्छ।

## THE END

If you liked this note, then please do share it with your friends and please subscribe to our **YouTube Channel**. Also, like and follow us on our **Facebook Page**.

**Follow us on:**

AR Dinesh puspas.com.np Puspa Shrestha

# Class 12 Notes Collection

Now, it is easier to find notes of all chapters for English and Nepali subjects. Just click on the following button and you will get complete lists of chapters with links to notes. 😊

English Nepali

Please email us at pdf-feedback@puspas.com.np if you have any suggestions or feedback.